नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
सिंहदरबार, काठमाडौं

फोन नं ४२००५०८ ४२००२८१
फयाक्स ४२००३१४

पत्र संख्या : २०७४।७५
चलानी नं: ४८४३

मितिः २०७४/१२/२३

श्री जिल्ला समन्वय समितिको कार्यालयहरु
(सबै) । ४८४३

विषयः <u>सम्पत्ति स्थानान्तरण सम्बन्धमा ।</u>

*स्थानीय सरकार सञ्चालन ऐन, २०७४* को दफा १०४ अनुसार नेपाल सरकारका विषयगत मन्त्रालयले संविधान र सो ऐन बमोजिम गाउँपालिका तथा नगरपालिकालाई प्राप्त अधिकारलाई आधार मानी उक्त ऐन प्रारम्भ भएको मिति (२०७४ असोज २९) ले छ महिनाभित्र आफू मातहतका निकायहरूको सङ्गठनात्मक संरचना पुनरावलोकन गरी गाउँपालिका वा नगरपालिकाको कार्य जिम्मेवारी अनुसार सम्बन्धित निकायको नाममा रहेको सम्पत्ति, दायित्व तथा बजेट सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण हुने गरी आवश्यक व्यवस्था गर्नुपर्ने उल्लेख छ ।

नेपाल सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७४/१२/१४ मा जारी भएको *स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४* को दफा १८ ले संघीय संरचनामा जिल्लास्तरमा रहने संघीय सरकारका कार्यालयहरू बाहेकका जिल्लास्थित कार्यालय, निकाय, विकास समिति तथा अन्य निकायको सम्पत्ति, दायित्व, अभिलेख, कागजात तथा बजेट सम्बन्धित गाउँपालिका वा नगरपालिकामा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ । साथै जिल्लास्थित कार्यालय वा निकाय र जिल्ला समन्वय समितिको सम्पत्ति, दायित्व बजेट तथा कार्यक्रम स्थानीय तहमा स्थानान्तरणगर्दा अपनाउनु पर्ने प्रक्रिया र समय समेत सिफारिस गर्न देहायको एक उपसमिति उपसमितिको गठन गरेको छ ।

| | |
|---|---|
| (क) जिल्ला समन्वय समितिको प्रमुख | संयोजक |
| (ख) सम्पत्ति स्थानान्तरण गर्नु पर्ने विषयगत कार्यालयको प्रमुख | सदस्य |
| (ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख | सदस्य |
| (घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय | सदस्य |
| (ङ) जिल्ला समन्वय अधिकारी | सदस्य-सचिव |

उपरोक्त उपसमितिले स्थानीय सरकार संचालन ऐनको दफा १०४ ले तोकेको अवधि भित्र उक्त दफामा उल्लेख भए बमोजिम चल सम्पत्तिहरु (सवारी साधन, हेभी इक्विपमेन्ट, कम्प्युटर, प्रिन्टर लगायतका मेसिनरी औजार, फर्निचर, जस्तापाता, तारजाली, खानेपानी पाइप आदि उपलब्ध स्रोत साधन) को अभिलेख राखि सन्तुलित र न्यायोचित वितरण हुने गरी स्थानीय तहमा स्थानान्तरण गर्नुपर्ने र अचल सम्पत्तिहरु (भवन, जग्गा जमिन, स्थायी संरचना तथा यस्तै प्रकृतिका सम्पत्ति) को हस्तान्तरण

नेपाल सरकार
## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौं

फोन नं ४२००५०८, ४२००२८१
फयाक्स ४२००३१४

पत्र संख्या : २०७४।७५

चलानी नं:

सम्बन्धमा मन्त्रालय समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था रहेको हुँदा उल्लेखित व्यवस्था र समय सीमालाई ख्याल गर्दै सम्पत्ति स्थानान्तरणको व्यवस्था मिलाउनु हुन नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयानुसार अनुरोध छ ।

..........................

(सुरेश अधिकारी)

सह-सचिव